ओमसतिया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाटीफर्साटिकर, रुपन्देही

५ नं. प्रदेश, नेपाल

प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/०३/०१

**ओमसतिया गाउँपालिका रूपन्देहीको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्वन्धी**

**१५ दिने शिलवन्दी दरभाउपत्र आह्‌वान सम्वन्धी सूचना ।**

ओमसतिया गाँउपालिका वडा नं. ६ अन्तरगत पर्ने तपसिलमा उल्लेखित पोखरीहरुको (२०७७ श्रावण १ देखि २०७८ असार मसान्त सम्म) को लागि शुल्क दस्तुर उठाउन ठेक्का बन्दोवस्त गर्नु परेकोले ओमसतिया गाँउपालिकाको मिति २०७७/०२/२९ गतेको निर्णय बमोजिम तपसिल बमोजिमको शर्तको अधिनमा रही शुल्क दस्तुर उठाउने गरी शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. ठेक्का रकमको नेपाली नागरिक भए (नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनुपर्ने) ५ प्रतिशत र गैर नेपाली भए १० प्रतिशतले हुने रकम धरौटी स्वरुप गाउँपालिकाको एन एम बि बैङ्क लिमिटेड ठुटीपिपल शाखाको ग-३ धरौटी खाता नं ०४०००५७७६४५०००४७ मा जम्मा गरेको भौचर दरभाउपत्र साथ संलग्न हुनु पर्नेछ । चेक र नगदलाई मान्यता दिइने छैन ।

२. दरभाउपत्र फाराम यस गाउकार्यपालिकाको कार्यालयबाट प्रति ठेक्का रु १,०००/-(एक हजार) फिर्ता नहुने गरी रसिद काटी २०७७/०३/०१ गते देखि मिति २०७७/०३/१५ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

३. ठेक्का सदर भएको ७ दिन भित्र एकमुष्ट रकम जम्मा गर्नुपर्नेछ अन्यथा राखेको धरौटी रकम जफत गरी दोस्रो ठेकेदारलाइ ठेक्का अरुलाई दिइने छ।

४. सिलवन्दी बोलपत्र फाराम मिति २०७७/०३/१६ (सार्वजनिक विदा परेमा भोली पल्ट) दिनको १२ बजे भित्र ओमसतिया गाउँपालिकामा दर्ता गराइसक्नु पर्नेछ ।

५. यस कार्यलयमा तोकेको समय भित्र परेको टेण्डरहरु मिति २०७७/०३/१६ गते दिनको २ बजे ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा गाँउकार्यपालिकाको कार्यालयमा खोलिने छ। साथै ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी खोल्न बाधा पर्ने छैन ।

६. कार्यालय प्रमुखको सहीछाप नभएको र म्याद नाघी आएको शिलबन्दीलाई मान्यता दिइने छैन साथै ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार ओमसतिया गाउँकार्यपालिकामा सुरक्षित रहनेछ ।

७. ठेक्का रकम अंक र अक्षरमा बुझिने गरी उल्लेख गर्नुपर्ने छ। विस्तृत जानकारीको लागि ओमसतिया गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. ठेकेदार तथा गाउँपालिका विच कुनै विवाद भएमा गाउँपालिकाकोको निर्णय अन्तिम हुनेछ। ठेकेदारको कुनै उजुरी लाग्ने छैन। ठेक्का भएको पोखरीको आवश्यक मर्मत सम्भार सम्बन्धित ठेकेदार स्वंयले गर्नुपर्नेछ ।

९. यस सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

तपसिल

| ठेक्का नं. | ओमसतिया गा.पा. अन्तर्गत वडा नं. ६ मा रहेका पोखरीहरु | न्युनतम कबोल रकम (दश बर्षको लागी) | कैफियत |
|---|---|---|---|
| ORM/28-076/77 | महाव केकडहवा खोला, रामनगर मा.वि पछाडी पोखरी र कुलो पोखरी | ३,४०,०००। (तिन लाख चालि हजार रुपैया मात्र) | एकमुष्ठ |
| ORM/29-076/77 | कुसमहवा टोल पुजानाको घर अगाडी, कुसमहवा टोल तटवन्धको पोखरी, सेमराहिया नैरनापुर पोखरी र नौडिहवा भागेडा पोखरी | ११०,०००। (एक लाख दश हजार रुपैया मात्र) | ,, |
| ORM/30-076/77 | बेलहवा पोखरी, दक्षिणटोल सडक नजिक पोखरी, दक्षिणटोल कुटिया पोखरी, मलंगहवा पोखरी र मढखनवा पोखरी | ५,५०,०००। (पाँच लाख पचास हजार रुपैया मात्र) | ,, |
| ORM/31-076/77 | मझौली गाउँ नजिक पोखरी र सगरमाथा प्रा.वि. नजिक पोखरी | ४,१५,०००। (चार लाख पन्ध्र हजार रुपैया मात्र) | ,, |
| ORM/32-076/77 | जमुहानी गाउँ पूर्व पोखरी र जमुहानी महिला समुह पोखरी | ३,८५,०००। (तिन लाख पचासी हजार रुपैया मात्र) | ,, |
| ORM/33-076/77 | जोरली पडकपुर पोखरी र बघेला पोखरी | २,४०,०००। (दुइ लाख चालिस हजार रुपैया मात्र) | ,, |

प्रमुख प्रशासकीय अधिकृत